# नीलकण्ठ राजपत्र

## नीलकण्ठ नगरपालिकाद्वारा प्रकाशित

**खण्डः ९) धादिङवेसी, धादिङ (संख्याः ३ मितिः २०८२।०३।२५**

**भाग - १**

नीलकण्ठ नगरपालिकाको सूचना

**नीलकण्ठ नगरपालिकाको सहकारी (तेस्रो संशोधन) ऐन, २०७४**

नीलकण्ठ नगरपालिकाको सहकारी ऐन, २०७४ मा तेस्रो संशोधन गर्न आवश्यक भएकाले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नीलकण्ठ नगरपालिकाको नगर सभाले यो ऐन बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) **नीलकण्ठ नगरपालिकाको सहकारी (तेस्रो संशोधन) ऐन, २०७४** रहेको छ।

(२) यो ऐन नगरसभाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित गरे पश्चात लागु हुनेछ ।

२. **नीलकण्ठ नगरपालिकाको सहकारी ऐन, २०७४** को मूल ऐनको दफा ३१ को उपदफा (७) देहाय बमोजिम हुने गरी उपदफा (८) थप गरिएको छः-

"(८) कुनै संघ वा संस्थाले एकाईगत रुपमा साधारण सभा गर्दा विनियम अनुसार उम्मेदवार हुन नसक्ने अवस्था बाहेक कुनै शेयर सदस्यलाई सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचनमा उम्मेदवार हुन वा मतदान गर्नबाट रोक लगाउनु हुदैन। एकाईगतरुपमा प्रतिनिधि छनौट गर्ने प्रावधान भए पनि सञ्चालक समिति तथा लेखा समितिको निर्वाचन हुने साधारण सभामा योग्यता पुगेका सवै शेयर सदस्यहरुले उम्मेदवार हुन वा मतदान गर्न पाउने व्यवस्था मिलाउनुपर्नेछ"।

**आज्ञाले,**
**पुरुषोत्तम सुवेदी,**
**प्रमुख प्रशासकीय अधिकृत**